प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) सुर्खेत, असार ३२ गते, २०७५ साल (अतिरिक्ताङ्क ९

भाग १

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संम्वत् २०७५ सालको ऐन नं. ८

कर्णाली प्रदेशमा कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : कर्णाली प्रदेशको समग्र विकासका लागि कर लगाउने र राजस्व उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १९७ बमोजिम कर्णाली प्रदेशको सभाले यो ऐन बनाएको छ।

परिच्छेद -१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "कर्णाली प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन कर्णाली प्रदेश भर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित सङ्गठित संस्थालाई समेत जनाउँछ।

(ख) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ।

(ग) "कर अधिकृत" भन्नाले प्रदेश सरकारले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रूपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारी समेतलाई जनाउँछ ।

(घ) "कर कार्यालय" भन्नाले कर्णाली प्रदेशमा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने विभाग, महाशाखा, शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रूपमा रहेको प्रदेश सरकार अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ।

(ङ) "करदाता" भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरू कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

(च) "कर निर्धारण" भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ र सो शव्दले पुनः कर निर्धारण र संशोधित कर निर्धारणलाई समेत जनाउँछ।

(छ) "सभा" भन्नाले कर्णाली प्रदेश सभा सम्झनु पर्छ।

(ज) "गैरकर राजस्व" भन्नाले परिच्छेद-१४ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनु पर्छ।

(झ) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नाबालिग सन्तान सम्झनु पर्छ।

(ञ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको जुनसुकै फर्म सम्झनु पर्छ।

(ट) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ठ) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनु पर्छ।

(ड) "विभाग प्रमुख" भन्नाले प्रदेश सरकार अन्तर्गतको कर विभागको प्रमुख सम्झनु पर्छ ।

(ढ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ण) "कृषि आय" भन्नाले कर्णाली प्रदेश भित्रको कृषिजन्य कार्यमा प्रयोग भएको जमिनबाट प्राप्त भएको देहायको रकम सम्झनु पर्दछ :-

(अ) कृषियोग्य जमिनको प्रयोगबाट उत्पादित कृषि उपजको आम्दानी;

(आ) कृषियोग्य जमिनलाई लिजमा वा भाडामा लगाएवापत प्राप्त हुने रकम;

(इ) कुत, अधिया आदिमा लगाए वापत प्राप्त हुने रकम र

(ई) कृषियोग्य जमिनमा हुने फलफूल, तरकारी, मत्स्यपालन, पशुपालन आदिबाट प्राप्त हुने रकम ।

(त) "कृषियोग्य जमिन" भन्नाले कृषि कार्यमा प्रयोग भएको जमिनलाई सम्झनु पर्छ । तर यो शब्दले दर्ता भएको वा नभएको निजी वन, नर्सरी वा खरबारीलाई जनाउने छैन ।

(थ) "कूल कृषि आय" भन्नाले यस ऐन बमोजिम निर्धारण गरिएको कूल कृषि आयलाई सम्झनु पर्दछ ।

३. **व्याख्या** : यो ऐनमा परिभाषा गरिएका शब्दको सोहीअनुसार र अरूमा प्रचलित कानून तथा कानून व्याख्या सम्बन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

परिच्छेद-२

राजस्व सम्बन्धी सामान्य सिद्धान्त

४. **कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त** : (१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाइने र उठाइनेछ :–

(क) कर तिर्न सक्ने क्षमताका आधारमा;

(ख) समानता र न्यायमा आधारित रहेर;

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर;

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट;

(ङ) स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर र

(च) करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गरेर।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ।

परिच्छेद-३

कर प्रशासन सम्बन्धी व्यवस्था

५. **कर प्रशासन** : (१) यस ऐन बमोजिमको कर तथा गैरकरको प्रशासन **कर्णाली** प्रदेश सरकारले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार मन्त्रालय, कर विभाग वा कर कार्यालय रहन सक्नेछन् ।

६. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) प्रदेश सरकारबाट स्वीकृत दरबन्दी अनुसार विभिन्न तहका कर्मचारी प्रदेश कर कार्यालयमा रहनेछन्।

(२) प्रदेश सरकारले प्रदेश कर कार्यालयमा प्रचलित कानून बमोजिम स्वीकृत दरबन्दीका आधारमा एक वा सोभन्दा बढी तहका कर अधिकृत, कर सहायक तथा सहयोगीलाई काममा लगाउन सक्नेछ ।

७. **कर अधिकृतको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने;

(ख) करदाताबाट विवरण प्राप्त गर्ने;

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने;

(घ) कर सङ्कलन गर्ने;

(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने;

(च) करदातामैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने;

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने;

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा कर्णाली प्रदेश सरकारलाई सुझाव दिने;

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने;

(ञ) करदाताका खातापाता र हरहिसाब दुरुस्त राख्न लगाउने;

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने र

(ठ) कर सम्बन्धी अन्य काम गर्ने।

८. **अधिकार प्रत्यायोजन** : (१) कर विभागको प्रमुखले संविधान र यस ऐन बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर कार्यालयका प्रमुख वा कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कर कार्यालयका प्रमुखले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार आफ्नो सामान्य रेखदेख र

नियन्त्रणमा रहने गरी आफू मातहतका कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कर कर्यालयको प्रमुख र कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा प्रदेश अर्थ मन्त्रालय वा विभागबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

९. **प्रत्यायोजित अधिकार र जिम्मेवारी :** (१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ।

परिच्छेद - ४

कर सम्बन्धी व्यवस्था

१०. **घर जग्गा रजिष्ट्रेशन शुल्क :** (१) कर्णाली प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउन सक्नेछ।

(२) प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई रजिष्ट्रेशन शुल्क लगाउनु पर्नेछ।

(३) घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ।

(४) घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकममध्ये जुन बढी हुन्छ सो रकममा लगाउनु पर्नेछ ।

(५) रजिष्ट्रेशन शुल्कको दर कर्णाली प्रदेशको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

(६) घर, जग्गा वा घरजग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति अपाङ्ग वा महिला भएमा उपदफा (५) बमोजिम लाग्ने शुल्कमा पच्चिस प्रतिशत रकम छुट हुनेछ।

(७) प्रदेश सरकारले उपदफा (१) बमोजिम लगाइएको घर जग्गा रजिष्ट्रेशन शुल्क स्थानीय तह मार्फत उठाउने व्यवस्था गर्नेछ ।

(८) उपदफा (७) बमोजिम उठाएको प्रदेशको घर जग्गा रजिष्ट्रेशन शुल्क कर्णाली प्रदेशको आर्थिक ऐनले तोके बमोजिम गरी सम्बन्धित कोषमा जम्मा गर्नु पर्नेछ।

(९) संघीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन।

११. **सवारी साधन कर :** (१) कर्णाली प्रदेश सरकारले सवारी साधन कर लगाउन र उठाउन सक्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा

समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ।

(३) सवारी साधन धनीले यस दफा बमोजिमको कर प्रदेश कर कार्यालयमा वा तोकिएको निकायमा बुझाउनु पर्नेछ।

(४) प्रदेशले सवारी साधन कर उठाउँदा स्थानीय तहको लागि तोकिएको सवारी साधन कर समेत असूल गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम असूल भएको प्रदेशको सवारी साधन कर कर्णाली प्रदेश विभाज्य कोषमा जम्मा गरिनेछ ।स्थानीय तहको सवारी साधन कर रकमको हकमा बढीमा दुई प्रतिशतले हुने प्रशासनिक खर्च कट्टा गरी बाँकी राजस्व प्रदेश सरकारले कार्यविधि बनाई स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

१२. **मनोरञ्जन कर** : (१) कर्णाली प्रदेश सरकारले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्टजस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाइएको मनोरञ्जन कर मनोरञ्जन स्थलको सञ्चालकले टिकट बिक्री गर्दाको अवस्थामा असुल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असूल गरेको मनोरञ्जन करको रकम असूल गरेको महिना भन्दा पछिको महिनाको पच्चिस गतेभित्र तोकिएको कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(४) प्रदेशले यस दफा बमोजिमको मनोरञ्जन कर स्थानीय तहमार्फत उठाउने व्यवस्था गर्नेछ ।

(५) उपदफा (४) बमोजिम असुल भएको मनोरञ्जन करको रकममध्ये बढीमा दुई प्रतिशतले हुने प्रशासनिक खर्च कट्टा गरी बाँकी राजस्व स्थानीय तहले प्रदेश सरकारको वित्तीय हस्तान्तरण कार्यविधि अनुसार प्रदेश बाँडफाँड कोषमा जम्मा गर्नुपर्नेछ ।

१३. **विज्ञापन कर** : (१) कर्णाली प्रदेश सरकारले सूचनापट्ट (होर्डिङ बोर्ड) मा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ।

(२) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न प्रदेश सरकारबाट अनुमति लिनु पर्नेछ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असूल गरिनेछ।

(४) यस ऐन बमोजिम असूल गरेको विज्ञापन करको रकम असूल गरेको महिना भन्दा पछिको महिनाको पच्चिस गतेभित्र प्रदेश कर कार्यालय वा तोकिएको निकायमा दाखिला गर्नुपर्नेछ ।

(५) उपदफा (२) बमोजिमको अनुमति-पत्र दिँदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ।

(६) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरू कसैले प्रायोजन गरेको सूचनापट्ट (होर्डिङ बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी तोकिएको कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(७) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) मा विज्ञापन सामग्री राखेमा कर उठाउनुअघि कर कार्यालयले सो निकायसँग समन्वय गरी कर असूल गर्नु पर्नेछ ।

(८) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन।

(९) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेका विज्ञापनमा कर लाग्ने छैन।

(१०) यस दफा बमोजिमको विज्ञापन कर प्रदेशले स्थानीय तह मार्फत सङ्कलन गराउन सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम सङ्कलन भएको प्रदेशको विज्ञापन करमध्येबाट बढीमा दुई प्रतिशतले हुने प्रशासनिक खर्च कट्टा गरी बाँकी राजस्व स्थानीय तहले कर्णाली प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ ।

१४. **कृषि आयमा कर लाग्ने** : (१) कृषियोग्य जमिनलाई कृषि कार्यमा उपयोग नगरी बाँझो राखेमा अनुमानित आय कायम गरी कर लगाउन सकिनेछ ।

परिच्छेद-५

करदाता दर्ता सम्बन्धी व्यवस्था :

१५. **करदाताको पहिचान तथा दर्ता :** (१) व्यवसाय सञ्चालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

(२) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर कार्यालयलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो कार्यालयले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ।

(४) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्वन्धी कारोवार गर्दा सोही नम्बरको प्रयोग गर्नुपर्नेछ ।

१६. **करदाताको दायित्व :** यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः-

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने;

(ख) निर्धारित समयमा विवरण पेश गर्ने;

(ग) निर्धारित समयमा कर दाखिला गर्ने;

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनुपर्ने भए समयमै बुझाउने;

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने;

(च) कर अधिकृतले मागेको सूचना तथा तथ्याङ्क समयमा उपलब्ध गराउने र

(छ) कर कार्यालयलाई आवश्यक सहयोग गर्ने।

१७. **करदाताको अधिकार :** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) सम्मानपूर्वक व्यवहारको अधिकार;

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार;

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार;

(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार र

(ङ) कर सम्बन्धी गोप्य कुराहरू यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनु पर्नेछ।

१८. **करदाताको प्रतिनिधित्व :** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ।

परिच्छेद-६

विवरण दाखिला सम्बन्धी व्यवस्था

१९. **विवरण दाखिला गर्न आदेश दिन सक्ने** : (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शङ्का गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिनाभित्र कर कार्यालयमा विवरण दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको थप समयावधि दिन सक्नेछ।

२०. **विवरण सच्याउन सकिने** : यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन महिनाभित्र यथार्थ, तथ्य र सही अङ्क सहितको अर्को विवरण पेश गर्न सक्नेछ।

परिच्छेद -७

कर दाखिला सम्बन्धी व्यवस्था

२१. **कर दाखिला गर्नुपर्ने :** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद – ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर कट्टी भएको महिनापछिको महिनाको पच्चिस गते भित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

२२. **कर दाखिलाको निस्सा दिनुपर्ने :** करदाताले यस ऐन बमोजिम बुझाउनुपर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

परिच्छेद - ८

कर फिर्ता र समायोजन

२३. **कर फिर्ता सम्वन्धी व्यवस्था :** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

२४. **कर समायोजन सम्वन्धी व्यवस्था :** (१) करदाताले दफा २३ बमोजिम फिर्ता पाउने ठहरिएको रकम निजले दाखिला

गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृतसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

परिच्छेद -९

कर परीक्षण तथा कर निर्धारण

२५. **कर परीक्षण :** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः-

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा;

(ख) गलत वा झुट्टा कागजात वा विवरण संलग्न गरेको देखिएमा;

(ग) यथार्थ कारोवार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा;

(घ) कारोवारका आधारमा करको दायित्व कम देखाएकोमा;

(ङ) करको दर फरक पारेकोमा र

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्षभित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाइको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ।

२६. **कर निर्धारणको सूचना** : (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ।

परिच्छेद-१०

कर सङ्कलन सम्बन्धी व्यवस्था

२७. **कर सङ्कलन सम्बन्धी व्यवस्था** : (१) यस ऐन बमोजिम असूल गर्नुपर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले कार्यालय प्रमुखको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरीका बमोजिम कर असूल गर्न सक्नेछः-

(क) सम्बन्धित करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेर;

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट सम्बन्धित करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर;

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर;

(घ) बैंक वा वित्तीय संस्थामा रहेको सम्बन्धित करदाताको रकमबाट कट्टा गर्न लगाएर;

(ङ) सम्बन्धित करदाताको कारोवार रोक्का गरेर;

(च) सम्बन्धित करदाताको चल तथा अचल सम्पत्तिमाथि दावी वा कब्जा गरेर र

(छ) सम्बन्धित करदाताको सम्पत्ति एकैपटक वा पटक/पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

२८. **किस्ताबन्दीमा कर असूली:** कुनै खास करदाताले विशेष परिस्थिति परी समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक बर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ। तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने व्याज मिनाहा हुने छैन ।

परिच्छेद-११

जरिवाना, शुल्क र व्याज

२९. **जरिवाना लाग्ने :** यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

३०. **व्याज लाग्ने :** यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने बाँकी रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

३१. **अभिलेख नराखेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा एक हजार रुपैंया शुल्क लाग्नेछ।

३२. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रुपैंया शुल्क लाग्नेछ।

३३. **झुट्टा विवरण दिएमा शुल्क लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ।

३४. **व्याज नलाग्ने :** यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज र जरिवानामा पुन: व्याज लाग्ने छैन।

परिच्छेद - १२

पूर्वादेश र प्रशासकीय पुनरावलोकन

३५. **पूर्वादेश माग गर्न सक्ने :** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रदेश कर विभागको प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रदेश कर विभागको प्रमुखले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

३६. **प्रशासकीय पुनरावलोकन हुन सक्ने :** यस ऐन बमोजिमका देहायको निर्णयमाथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः-

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

३७. **प्रशासकीय पुनरावलोकनको प्रक्रिया :** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णयउपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिन भित्र प्रदेश कर विभागको प्रमुख समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदनमाथि साठ्ठी कार्यदिनभित्र कारवाही र किनारा गर्नुपर्नेछ ।

परिच्छेद - १३

पुनरावेदन

३८. **उजुरी नलाग्ने :** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुरी लाग्ने छैन ।

३९. **पुनरावेदन दिन सक्ने :** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले साठ्ठी दिनभित्र चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) उच्च अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

परिच्छेद - १४

गैरकर राजस्व

४०. **सेवा शुल्क तथा दस्तुर :** कर्णाली प्रदेश सरकारले संविधानको अनुसूची-६ बमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

४१. **पर्यटन शुल्क :** (१) कर्णाली प्रदेश सरकारले आफैं निर्माण गरे गराएको वा अधिकार क्षेत्रभित्र रहेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ।पर्यटकीय क्षेत्रमा उपलव्ध गराएको सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले आफ्नो क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा पर्यटन शुल्क लगाउने छैन ।

४२. **अन्य शुल्क लगाउन सक्ने :** (१) प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रको विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ।

(२) प्रदेश सरकारले संविधान र अन्य प्रचलित कानूनको विपरीत नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ।

(३) यस परिच्छेद बमोजिम सेवा शुल्क तथा दस्तुर लगाउने वा त्यसको दरमा हेरफेर गर्ने निर्णयको विवरण प्रदेश सरकारले प्रदेश सभाको बैठक चलेको समयमा भए सात दिन भित्र र त्यस्तो बैठक नचलेको समयमा भए त्यसपछि बस्ने सभाको पहिलो बैठक भएको मितिले सात दिन भित्र त्यस्तो निर्णयको विवरण पेश गर्नु पर्नेछ।

४३. **छुट वा मिनाहा :** (१) प्रदेश सरकारले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्णरूपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ। यसरी छुट दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गर्नु पर्नेछ।

(२) नेपाल सरकार वा स्थानीय सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा प्रदेश सरकारले तत्तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउनेछ।

(३) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा

सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ ।

परिच्छेद - १५

समन्वय सम्बन्धी व्यवस्था

४४. **नेपाल सरकारसँग समन्वय** : (१) प्रदेश सरकारले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुङ्गोमा पुगिएका बिषयहरू यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४५. **स्थानीय सरकारसँग समन्वय** : (१) प्रदेश सरकारले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैर कर राजश्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा स्थानीय सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका बिषयहरू यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४६. **केन्द्रीय बैंकसँग समन्वय :** प्रदेश सरकारले कर र गैरकर राजश्व सङ्कलनका सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

४७. **अन्य निकाय, कार्यालय र संस्थासँग समन्वय :** प्रदेश सरकार वा सोको कुनै अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र स्थानीय सरकारअन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासँग समन्वय गर्न सक्नेछ।

परिच्छेद - १६

राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

४८. **राजस्व सम्बन्धी नयाँ प्रस्ताव :** प्रदेश सरकारले कर तथा गैरकर सम्वन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नु पर्नेछ।

४९. **सूचना सार्वजनिक गर्नुपर्ने :** (१) यस कानून बमोजिम प्रदेश सरकारले लगाएको कर र गैरकर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई प्रदेश सरकारको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रदेश सरकारले कर र राजश्वका दर र हेरफेरसम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

परिच्छेद — १७

विविध

५०. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवम् कर वा त्यस्तो रकम

बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

५१. **ठेक्कामा लगाउन नपाइने :** प्रदेश सरकारले आफूले असूल गर्नुपर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन। तर प्रचलित कानून बमोजिम स्थानीय सरकारसँग समन्वय गरी कर उठाउन रोक लगाएको मानिने छैन ।

५२. **कागजातको ढाँचा :** (१) यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका तोक्ने गरी सूचना जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका आदि सर्वसाधारणको जानकारीको लागि प्रदेश सरकारको सूचनापाटी, वेबसाइट र पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

५३. **सूचना तामेली रीत पुगेको मानिने :** (१) यस ऐन बमोजिम दिनुपर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :-

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको;

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको;

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको;

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको;

(ङ) कार्यालय, संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको र

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।

(२) कर कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनक्रीप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

५४. **कागजातको अभिलेख राख्ने** : (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरू सुरक्षित गरी राख्नु पर्नेछः-

(क) यस ऐन बमोजिम कर कार्यालयमा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्ट्याँइ गर्ने सूचना तथा कागजात;

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजात र

(ग) खर्च कट्टी गर्नुपर्ने भए सोलाई पुष्ट्याँइ गर्ने कागजात ।

(२) कर कार्यालयले लिखित रूपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक करदाताले यस दफा बमोजिमका कागजात सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तिमा चार वर्षको अवधिसम्म सुरक्षित राख्नुपर्नेछ ।

५५. **अदालतलाई भए सरहको अधिकार हुने :** यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न

लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

५६. **आदेश वा निर्देशन दिन सक्ने** : संघीय सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु प्रदेश सरकारको कर्तव्य हुनेछ ।

५७. **कर अधिकृतको परिचय-पत्र :** कर कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय-पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय-पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

५८. **विभागीय कारवाही र सजाय हुने:** (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानी नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाताबीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरू कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रदेश कर कार्यालयको प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा कर कार्यालयको प्रमुखले आवश्यक छानबिन गरी सम्बन्धित

कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैंले कारवाही गर्ने र अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि कर विभागको प्रमुख समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको उजुरी सम्वन्धमा छानविन गर्न विभागीय प्रमुखले छानविन समिति गठन गरी प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा कर विभागको प्रमुखले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवासम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य वा लापरवाही गरेको कुरा खुल्न आएमा कर विभागको प्रमुखले निजलाई विभागीय कारवाही गर्नेछ ।

(६) यस दफा बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने निलम्बन अवधि तीन महिना भन्दा बढी हुने छैन।

५९. **पुरस्कृत गर्न सक्ने :** (१) प्रदेश कर विभागले यथार्थपरक र विश्वसनीयरूपमा तथा कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने बढीमा तीन जना करदातालाई पुरस्कार दिने व्यवस्था प्रत्येक वर्ष गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था कर विभागको प्रमुखले निर्धारण गरेबमोजिम हुनेछ।

६०. **म्याद, हदम्याद नजाने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि कट्टा गरी गणना गरिनेछः-

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि ।

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

प्रमाणीकरण मिति : २०७५।३। ३२

आज्ञाले,
केशवराज आचार्य
प्रदेश सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १५।-
गो.हु.द.नं. १६।२०६२।६३